annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३१५ पृष्ठ ८ | काठमाडौं, बिहीबार ७ चैत २०८१ | चैत्र कृष्णपक्ष षष्ठी, नेपाल संवत् ११४५ | THURSDAY, MARCH 20, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# सामान वा सेवामा ठगिनुभयो ? अब छ छुट्टै अदालत

बजारमा सामान किन्न जाँदा ठगिएको महसुस गर्नुभयो ? वा कसैले सेवा दिँदा ठग्यो ? चुप नबस्नुहोस्, उपभोक्ता अदालत जानुस् । जहाँबाट तपाईंले न्याय पाउनुहुनेछ । क्षतिपूर्ति भराइदिन्छ, यो अदालतले । किनभने, गुणस्तरीय वस्तु तथा सेवा खरिद गर्न पाउनु उपभोक्ताको संवैधानिक अधिकार हो । आइतबारदेखि उपभोक्ता अदालतले कार्य सुरु गरेको छ । नुनदेखि सुन किन्न जाँदा ठगिएको महसुस गर्ने उपभोक्ताको अदालतबाट आसा र अपेक्षा राखेका छन् । तर, उपभोक्ता अधिकारको संरक्षण गर्दै शीघ्र न्यायको प्रत्याभूति दिलाउने अदालतको चुनौती झन्-झन् चुलिँदो छ ।

**दिनेश गौतम** | *काठमाडौं*

**– को रिपोर्ट**

तस्बिर : अशोक दुलाल



सर्वोच्च अदालतको आदेश र समयको आवश्यकतालाई ध्यान दिँदै उपभोक्ता अदालत गठन गरिएको हो । मुलुकको अवस्था र मुद्दा संख्यालाई दृष्टिगत गरी अन्य प्रदेशमा पनि आवश्यकताअनुसार उपभोक्ता अदालत गठन हुन्छन् ।

**रमेश बडाल**
महान्यायाधिवक्ता



छिटो न्याय दिने व्यवस्था हुनुपर्छ । भौतिक रूपमा उपस्थित हुन नपर्ने फेसलेस कोर्टको अवधारणालाई व्यवहारमा कार्यान्वयन गर्नुपर्ने आवश्यकता छ ।

**ज्योति बानियाँ**
वरिष्ठ अधिवक्ता

समाचार पृष्ठ २




# स्ववियु निर्वाचनमा नेविसंघ पहिलो, अखिल दोस्रो




**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

त्रिभुवन विश्वविद्यालयका आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा भएको स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको नतिजा धमाधम आउन थालेको छ। नजिताअनुसार प्रमुख दल निकट संगठनको अवस्था करिब-करिब उस्तै देखिएको छ। कांग्रेस निकट नेविसंघ पहिलो, एमाले निकट अनेरास्ववियु दोस्रो स्थानमा छ।

यो समाचार तयार पार्दासम्म कांग्रेस निकट नेविसंघले १०९ क्याम्पसको नेतृत्व जितेको दाबी गरेको छ। एमाले निकट अनेरास्ववियुले ९१ क्याम्पसमा जितेको छ। माओवादी केन्द्रनिकट अखिल क्रान्तिकारीले ८१ क्याम्पसमा जित हासिल गरेको बताएको छ।

नेविसंघले काठमाडौंका ४ वटा आंगिकसहित १०९ आंगिक र सामुदायिक क्याम्पसमा जितेको नेविसंघका प्रवक्ता सुरज सेजुवालले जानकारी दिए। राजधानीका थापाथली इन्जिनियरिङ क्याम्पस, आयुर्वेद क्याम्पस, महाराजगञ्ज चिकित्सा क्याम्पस र नर्सिङ क्याम्पसमा नेविसंघले जित हासिल गरेको छ। अनेरास्ववियुले ११ वटा आंगिक क्याम्पससहित ९१ क्याम्पस जितेको प्रवक्ता प्रकाश पौडेलले जानकारी दिए। जसमा काठमाडौंका तीनवटा आंगिक क्याम्पसमा अनेस्ववियुको नेतृत्व स्थापित भएको छ।

काठमाडौंका महेन्द्र रत्न क्याम्पस ताहचल, ललित कला क्याम्पस र नेपाल कमर्स क्याम्पसमा अखिलको नेतृत्वले जितेको छ। यस्तै, महेन्द्र बहुमुखी क्याम्पस नेपालगन्ज, धनकुटा बहुमुखी क्याम्पस, वन विज्ञान अध्ययन संस्थान पोखरा, धौलागिरी बहुमुखी क्याम्पस बागलुङ, पोखरा नरसिङ क्याम्पस, महेन्द्ररत्न क्याम्पस र नेपालगन्ज नर्सिङ क्याम्पस पनि अनेरास्ववियुले जितेको प्रवक्ता पौडेलले जानकारी दिए।

» बाँकी पृष्ठ ३

# एसईई परीक्षा आजदेखि, ५ लाख १४ हजार ७१ विद्यार्थी सहभागी हुँदै

- जापानबाट २९ परीक्षार्थी
- असार ७ सम्म नतिजा प्रकाशन

**ममता थापा** | *काठमाडौं*

यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) परीक्षा बिहीबारबाट सुरु हुँदै छ। सामुदायिक र संस्थागत गरी ११ हजार २ सय १६ वटा विद्यालयबाट ५ लाख १४ हजार ७१ विद्यार्थी परीक्षामा सहभागी हुँदै छन्। जसमा छात्राको संख्या बढिरहेको छ। छात्रा २ लाख ५७ हजार ७ सय ३० जना छात्रा र २ लाख ५६ हजार ३ सय ११ जना छात्र एसईई परीक्षामा सहभागी हुँदै छन्। अन्य ३० परीक्षार्थी छन्। राष्ट्रिय परीक्षा बोर्डका अनुसार यसपटक जापानको परीक्षा केन्द्रबाट २९ जना विद्यार्थीले एसईई परीक्षा दिँदै छन्।

यस्तै सुधार केन्द्रका २१ र एचआईभी प्रभावित ४ विद्यार्थी पनि एसईई दिँदै छन्। केन्द्रीय कारागार सुन्धारा र दैलेख कारागारमा पनि परीक्षा केन्द्र तोकिएको बोर्डका अध्यक्ष डा. महाश्रम शर्माले जानकारी दिए। उनकाअनुसार कुल परीक्षार्थीहरूमध्ये १६ हजार ९ सय ४७ जना परीक्षार्थीहरू प्राविधिक धारतर्फका छन्। परीक्षामा केन्द्राध्यक्ष, सहायक केन्द्राध्यक्ष, निरीक्षक, सहायक/सहयोगी कर्मचारी र सुरक्षाकर्मी गरी ७७ हजार ८ सय १७ जना प्रत्यक्ष रूपमा परीक्षा केन्द्रमा खटाइएका छन्।

बोर्डकाअनुसार एसईईमा सबैभन्दा बढी विद्यार्थी काठमाडौंबाट ३९ हजार ६ सय छन्। सबैभन्दा कम मनाङमा (४३ जना) छन्। माध्यमिक शिक्षा परीक्षालाई अनुशासित, व्यवस्थित, मर्यादित, निष्पक्ष, भयरहित र शान्तिपूर्ण वातावरणमा सञ्चालन गर्न सातवटै प्रदेशका प्रदेश परीक्षा सञ्चालन तथा व्यवस्थापन समितिको समन्वयमा ७७ वटै जिल्ला परीक्षा समन्वय समितिहरूबाट परीक्षामा खटिने छन्।

» बाँकी पृष्ठ ३

महिला उद्यमशीलता:
सम्भावनाका नयाँ यात्रा

ग्लोबल आइएमई बैंकले नेपाली महिलाहरूको उद्यमशील र आत्मनिर्भर बन्ने सपना साकार बनाउन "ग्लोबल म उद्यमी कर्जा" योजना प्रारम्भ गरेको छ। कृषि, उत्पादन, प्रशोधन तथा बजारीकरण लगायतका क्षेत्रमा व्यवसाय सुरु तथा विस्तार गर्न चाहने महिला उद्यमीलाई विशेष प्राथमिकता दिइनेछ ।

म उद्यमी कर्जा

रु. १० करोड सम्मको कर्जा रकम

GLOBAL MONEY WEEK

आकर्षक ब्याजदर | १० वर्ष सम्मको आवधिक तथा चालु पूँजी कर्जा | उद्यमी डिजिटल उपहार

*शर्तहरु लागू हुनेछ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

बचत गरौं

GLOBAL CONNECT
Call Us : +977-1-5970600
globalconnect@gibl.com.np